# विदुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७

विदुर नगरपालिका

२०७७

# विदुर  नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७

**<u>प्रस्तावनाः</u>**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम विदुर नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१.<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u> :** (१) यो ऐनको नाम विदुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन विदुर नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. <u>परिभाषा</u> :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले विदुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले विदुर नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले विदुर नगरपालिका सम्झनु पर्छ ।

(ङ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. <u>नियम बनाउने अधिकार</u>** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त विदुर नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही  विदुर नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

प्रमाणीकरण मिति : २०७७/१२/१६

आज्ञाले
मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत